AMARC ASIA-PACIFIC

# अमार्क

वर्ष १
अङ्क १
जेठ २०६२

सामुदायिक रेडियोहरूको आवाज

### सामुदायिक/स्थानीय रेडियो:

## सङ्कटकालदेखि अहिलेसम्मका झलक

माघ १९, २०६१ – शाही घोषणा हुँदाहुँदै एफएम प्रसारण संस्थाहरूमा सशस्त्र सेनाको प्रवेश र मनोरन्जन बाहेकका सबै कार्यक्रम तथा समाचार प्रसारणमा रोक । पोखरा, चितवन र देशका विभिन्न भागका एफएम रेडियो स्टेसनहरू बन्द ।

माघ २० – सूचना तथा सञ्चार मन्त्रालयद्वारा आतङ्ककारी तथा विध्वंशात्मक गतिविधि र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्ष रूपमा सघाउ पुग्न जाने प्रकृतिका र माघ १९ को शाही घोषणा विपरीत हुने खालका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्यसामग्री, अभिमत वा व्यक्तिका विचारसमेत प्रकाशन र प्रसारणमा रोक लगाउने सम्बन्धी सूचना राजपत्रमा प्रकाशित । सम्पूर्ण एफएम प्रसारण संस्थाहरूमा सशस्त्र सेनाको पहरा ।

– सूचना तथा सञ्चार मन्त्रालयद्वारा एफएम प्रसारण संस्थाहरूलाई विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम मात्र प्रसारण गर्न निर्देशन जारी । पूर्वप्रतिबन्ध लागू ।

... बाँकी पृष्ठ ११ मा

### अमार्क एशिया-प्रशान्त अध्यक्ष

## भारतदत्त कोइरालाको सन्देश

दश वर्षयता एशिया-प्रशान्त क्षेत्रमा रेडियो प्रसारणले ठूलो फड्को मारेको छ । यस क्षेत्रमा नेपालले हासिल गरेको उपलब्धि त एशियाकै लागि अनुकरणीय बनेको छ । नेपालमा एक दशकयता ५६ वटा स्थानीय रेडियोले प्रसारणका लागि इजाजत पाएका छन् । यीमध्ये १९ वटा सामुदायिक रेडियो रहेका छन् । सामुदायिक रेडियोको प्रसारण क्षेत्र नेपालका शहरी इलाकादेखि गाउँतहसम्म रहेको छ । यसरी हेर्दा सामुदायिक रेडियोको अभियान नेपालमा सन्तोषजनक ढङ्गले अगाडि बढेको छ । विश्वभरिकै सामुदायिक रेडियोहरूको साझा छाता संगठन अमार्कको लक्ष्य पनि सामुदायिक रेडियोको अभियानलाई अगाडि बढाउने नै हो ।



• भारतदत्त कोइराला

सामुदायिक रेडियोको अभियान सशक्त रूपले अगाडि बढेको दक्षिण अमेरिकामा हो । अफ्रिकामा पनि यो अभियान निकै राम्ररी अगाडि बढेको छ । समग्रमा भन्दा हरेक महिना विश्वमा १०० को संख्यामा नयाँ रेडियो सञ्चालनमा आउन थालेका छन् । सामुदायिक रेडियो प्रसारणको सिद्धान्त भनेको पनि समुदायले नै आफ्नै स्रोत-साधन जुटाएर कम लागतमै सञ्चालन गर्न सकिने रेडियो स्थापना गरी समुदायकै सदस्यहरूको समस्या समाधान गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरू प्रसार गर्नु हो । समुदायको आफ्नै आवाज सुनिने प्रभावकारी माध्यम सामुदायिक रेडियो हो ।

... बाँकी पृष्ठ ६ मा


१ सामुदायिक/स्थानीय रेडियो : सङ्कटकालदेखि अहिलेसम्मका झलक
१ अमार्क एशिया-प्रशान्त अध्यक्ष भारतदत्त कोइरालाको सन्देश
२ अमार्क : सामुदायिक रेडियो अभियानको गौरवपूर्ण यात्रा
३ सङ्कटकाल सकिए पनि सामुदायिक रेडियोका समस्या यथावत्
७ मेरा विहानीहरू सुनसान भएका छन्
८ बझाङेली आवाज : साइपाल रेडियो
९ रेडियो अभियानको विरोधी शक्ति हिजो पनि थियो आज पनि छ
११ रेडियो सम्बन्धी केही पुस्तकहरू

# अमार्क :
## सामुदायिक रेडियो अभियानको गौरवपूर्ण यात्रा

अमार्क विश्वभरिकै सामुदायिक रेडियोहरूको छाता सङ्गठन हो । यो विश्वभरिकै सामुदायिक रेडियो अभियानलाई टेवा दिने एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । एक सय दश राष्ट्रका झन्डै पाँच सय सामुदायिक रेडियोहरू अमार्कका सदस्य छन् । यसले विश्वभरिकै सामुदायिक रेडियोबीच भाइचाराको भावना विकास गर्ने, एकअर्काको अनुभव आदानप्रदान गर्ने र अन्तर्राष्ट्रिय सहयोग तथा समर्थन जुटाउने गर्दछ । सबै सामुदायिक रेडियोप्रति यसले ऐक्यबद्धता समेत प्रकट गर्दछ ।

सन् १९८३ मा केही सामुदायिक रेडियोप्रेमीहरूले स्वतःस्फूर्त रूपमा क्यानाडाको मोन्ट्रियलमा भेटघाट गर्ने परम्परा बसाले । १९९६ मा क्यानाडाको पश्चिमी किनारामा अवस्थित भ्यानकोभरमा भएको सामुदायिक रेडियो प्रसारकहरूको दोस्रो विश्वसभाले स्वतःस्फूर्त रूपमा बढ्दै गएको अन्तर्राष्ट्रिय सामुदायिक रेडियो अभियानलाई औपचारिक रूपमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा परिणत गऱ्यो ।

१९९० मा डब्लिनमा भएको अमार्कको चौथो विश्व सम्मेलन सूचना प्रवाह गर्ने हकको प्रत्याभूति हुनुपर्छ भन्ने मूल कुरामा केन्द्रित भयो । १९९२ मा मेक्सिकोमा भएको सम्मेलनले अन्तर्राष्ट्रिय महिला सञ्जाल गठन गर्ने प्रस्ताव पारित गऱ्यो ।

अमार्कको डाकार सम्मेलनले स्थानीय तहमा भइरहेको सामुदायिक रेडियो अभियानलाई अझ बल पुऱ्याउने र विश्वव्यापी परिप्रेक्ष्यमा प्रभावकारी ढङ्गले संलग्न हुने अवसरका रूपमा स्वायत्त प्रकृतिका क्षेत्रीय कार्यालयहरू सबै क्षेत्रमा राख्ने निर्णय गऱ्यो ।

सन् १९९८ मा मिलानमा भएको अमार्कको सातौं सम्मेलनले अमार्कलाई विश्वमा सामुदायिक रेडियो अभियानका तीन वटा पर्खालहरू भत्काएर अगाडि बढ्न मार्ग प्रशस्त गरिदियो । जसमा पहिलो पर्खाल थियो, कानुनी अवरोध । सामुदायिक प्रसारण संस्थाहरूसम्बन्धी नयाँ अन्तर्राष्ट्रिय कानूनबारे छलफल गर्दै अगाडि बढ्न समेत सम्मेलनले अमार्कलाई मार्ग निर्देशन गऱ्यो । अमार्कले नाघ्नुपर्ने अर्को प्रविधिसम्बन्धी अवरोध थियो। आफ्ना सदस्यहरूलाई प्राविधिक चुनौतीहरूको सामना गर्न सक्षम तुल्याएर र उनीहरूलाई समान उद्देश्यका अरू सञ्चार माध्यमहरूसँग सहकार्य गर्न सहयोग गरेर प्रविधिको पर्खाल भत्काउनुपर्ने जुक्ति सातौं सम्मेलनले सुझायो । यो सम्मेलनले तेस्रो पर्खालको रूपमा भौगोलिक अवरोधलाई औंल्याउँदै यसलाई तोड्न एसिया र अरब देशहरूमा अमार्क प्रवेश गर्नुपर्ने सुझाव समेत दियो ।

२००३ को फेब्रुअरी २१ देखि २७ सम्म काठमाडौंमा सम्पन्न अमार्कको आठौं सम्मेलन सामुदायिक प्रशारकहरूको अहिलेसम्मको सबैभन्दा ठूलो जमघट थियो । यो सम्मेलन एशिया प्रशान्तमा सामुदायिक रेडियो विकासको एउटा जग नै बन्यो । आठौं सम्मेलनले एशिया–प्रशान्त क्षेत्रीय कार्यालय स्थापना समेत गऱ्यो । त्यसै गरी आठौं सम्मेलनका सहभागीहरूले सन् २००३ देखि २००७ सम्मको कुशल कार्ययोजना नै तर्जुमा गरे ।

अमार्कको नवौं सम्मेलन सन् २००७ को अन्तितिर हुने योजना छ ।

### तपाईं पनि अमार्कको सदस्य बन्न सक्नुहुन्छ !

यदि तपाईं सामुदायिक रेडियो स्टेसन, सामुदायिक रेडियोका लागि प्रसारण सामग्री निर्माण गर्ने व्यक्ति वा संस्था र सामुदायिक रेडियोको विकासमा लागि परेको संस्था वा व्यक्तिमध्ये कुनै हुनुहुन्छ भने अमार्कको सदस्य बन्न सक्नुहुन्छ । सदस्य भैसकेपछि तपाईं अमार्कका विविध प्रकाशनहरू प्राप्त गर्न र विभिन्न किसिमका कार्यक्रमहरूमा सहभागी हुन सक्नुहुनेछ । थप जानकारीका लागि सम्पर्क राख्ने ठेगाना :

**अमार्क एसिया–प्रशान्त क्षेत्रीय कार्यालय**
कुपण्डोल, ललितपुर, नेपाल
फोन/फ्याक्स : ५५५४८११
इमेल : amarcap@wlink.com.np

# सङ्कटकाल सकिए पनि सामुदायिक रेडियोका समस्या यथावत्

**दधिराम सुवेदी**, प्रबन्ध निर्देशक– रेडियो स्वर्गद्वारी । **मीनबहादुर शाही,** अध्यक्ष– रेडियो कर्णाली
**मोहन चापागाई,** कायममुकायम स्टेसन म्यानेजर– रेडियो लुम्बिनी

*सामुदायिक रेडियोको यात्रा सामान्यतया संसारभरि नै केही कठिन देखिएको छ । हामीकहाँ पनि सामुदायिक रेडियो अभियानको यात्रा सहज छैन । यही क्रममा सामुदायिक रेडियोले कस्ता समस्या र चुनौतीको सामना गर्नुपरिरहेको छ र अप्ठ्यारो अवस्थामा पनि कसरी तिनले समुदायलाई सेवा पुर्‍याइरहेका छन् भन्ने विषयमा केन्द्रित भएर हामीले दाङको घोराहीबाट प्रसारित रेडियो स्वर्गद्वारीका प्रबन्ध निर्देशक दधिराम सुवेदी, जुम्लाको महत गाविस–विजयनगरबाट प्रसारित रेडियो कर्णालीका अध्यक्ष मीनबहादुर शाही र रूपन्देहीको मणिग्रामबाट प्रसारित रेडियो लुम्बिनीका कायममुकायम स्टेसन म्यानेजर मोहन चापागाईलाई एकैखालका प्रश्न सोधेका थियौं ।*

१. सङ्कटकाल घोषणापछि यहाँको रेडियो स्टेसनको कार्यक्रममा कस्तो असर पर्‍यो ?

• दधिराम सुवेदी



**दधिराम सुवेदी :** माघ १९ पछिका दिनहरूमा रेडियो स्टेसनमा दैनिक ७ पटक दिइने समाचारहरू बन्द भए । अपाङ्ग, नेत्रहीनहरूले सञ्चालन गर्ने जस्ता कार्यक्रमहरू पनि करीव २ हप्ता रोकिए । *मानव अधिकार* कार्यक्रम, थारु भाषामा सञ्चालित कम्लहरी प्रथा उन्मूलन गर्ने ग्रामीण र विपन्न वर्गलाई लक्षित गरी बनाइएको कार्यक्रम *निसराउ* बन्द भयो त्यस्तै थारु जातिको समग्र पक्षलाई उजागर गर्न तयार पारिएको कार्यक्रम *हमार सैडान* बन्द भयो ।

हप्तामा तीन दिन दिइने छलफलको कार्यक्रम *आजका कुरा* करीव १ महिना बन्द भयो । त्यस्तै, साताभरिको चर्चित राजनीतिक टिप्पणी गर्ने *विश्लेषण* कार्यक्रम बन्द भयो । स्थानीयस्तरमा देखिएका द्वन्दको कारण खोज्ने र त्यसको समाधान स्थानीयस्तरमा खोज्ने कार्यक्रम *सोधीखोजी* करीव १ महिना बन्द भयो । त्यस्तै कुनै विषयमा सम्पूर्ण पक्षबाट चिरफार गरिने कार्यक्रम *चिरफार* बन्द भयो । साप्ताहिक पत्रपत्रिकाका लेख, समाचार, सम्पादकीय, टिप्पणी आदिमा आधारित हप्ताको दुईपल्ट प्रसार हुने कार्यक्रम *साता सन्दर्भ* बन्द भयो । रेडियो सगरमाथाबाट प्रत्येक बिहान ६ देखि ६.३० सम्म प्राप्त हुने *पत्रपत्रिकाको सँगालो* पनि बन्द भयो । गाउँगाउँका आवाजहरूलाई घरदैलोमा पुगेर संकलन गरी प्रसारण गरिने कार्यक्रम *ग्रामीण आवाज, देउखुरीका आवाज, यात्रा पश्चिम दाङको, मोवाइल* जस्ता लोकप्रिय कार्यक्रम करीव १ महिना बन्द भए ।

**मीनबहादुर शाही:** सङ्कटकालको घोषणा लगत्तै रेडियो कर्णाली एफ.एम. १०५ टिम्को २ मेगाहर्जमा सुरक्षाकर्मीद्वारा ताल्चा मारियो । वीवीसी विश्व सेवाको नेपाली कार्यक्रम रोकिएको छ भने समाचार र समसामयिक कार्यक्रम बाहेक शिक्षामूलक र मनोरन्जनात्मक कार्यक्रमहरू प्रसारण भइरहेका छन् । स्वतन्त्रपूर्वक र बिना धक कार्यक्रम सञ्चालन गर्ने काममा बाधा उत्पन्न भएको छ ।



• मीनबहादुर शाही

**मोहन चापागाईं :** सङ्कटकालको घोषणासँगै रेडियोका सम्पूर्ण कार्यक्रमहरू मात्र प्रभावित भएनन्, बरू करिव ९ घण्टा हाम्रो नियमित प्रसारण नै बन्द गरियो । सञ्चार मन्त्रालयले विशुद्ध मनोरन्जनात्मक बाहेक कुनै पनि कार्यक्रमहरू प्रसारण नगर्न पत्राचार र निर्देशन गरेपछि हामी निक्कै संकुचित हुन बाध्य भयौं ।

सम्पूर्ण समाचार र समाचारमूलक कार्यक्रमहरू बन्द भएपछि रेडियो सुन्ने श्रोता घट्ने मात्र होइन बरू हामीलाई रेडियोका मित्रहरूले तपाईंहरूको रेडियो कहिलेदेखि प्रसारण हुन्छ भनेर सोध्न थालेका थिए । तीन हप्तापछि मात्रै व्यावहारिक रूपमा केही सामुदायिक प्रकृतिका कार्यक्रमहरू बजाउन थाल्यौं । बिस्तारै श्रोताहरूको सुन्ने क्रममा केही सुधार आइरहेको छ तर समाचार बिनाको रेडियोलाई श्रोताहरूले नुन बिनाको तरकारी भनेर टिप्पणी गर्ने गरेका छन् ।

सूचना तथा सञ्चार मन्त्रालयले गरेको निर्देशनमा केवल मनोरन्जनात्मक र सांगीतिक कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्ने भनिएको भए पनि सामुदायिक रेडियो समुदायप्रति उत्तरदायी हुने हुनाले गीत मात्रै बजाएर बस्नु हाम्रो दायित्व नभएको हुँदा सामाजिक मुद्दामा जानु नै सामुदायिक रेडियोले समाजप्रति न्याय गरको हुन्छ भन्ने भावनाले हामीले माघ १९ को एक महिनापछि समाचार बाहेकका करिब सम्पूर्णखाले सामाजिक कार्यक्रमहरू प्रसारण गर्दै आइरहेका छौं ।

> खोजखवर, पत्रपत्रिका, साता सन्दर्भ, आजका कुरा जस्ता समाचारमूलक कार्यक्रमहरु नआउने गर्नाले श्रोताहरुले समाचारको भोक मेट्न नपाउँदा प्रजातन्त्रको उपयोग हुन नसकेको प्रत्यक्ष अनुभूति गरेको बताउन थालेका छन् ।
>
> दधिराम सुवेदी

**२. कार्यक्रमको फेरबदलपछि श्रोताहरुबाट आउने प्रतिक्रियामा के असर परेको छ ?**

**दधिराम सुवेदी :** समाचारमूलक कार्यक्रम नहुँदा निराशाका कुराहरू आउने गरेका छन् । खासगरी *खोजखवर, पत्रपत्रिका, साता सन्दर्भ, आजका कुरा* जस्ता समाचारमूलक कार्यक्रमहरू नआउने गर्नाले श्रोताहरूले समाचारको भोक मेट्न नपाउँदा प्रजातन्त्रको उपयोग हुन नसकेको प्रत्यक्ष अनुभूति गरेको बताउन थालेका छन् ।

**मीनबहादुर शाही :** समाचारमूलक कार्यक्रमको प्रसारणमा आएको परिवर्तनले श्रोताहरूमा अन्यौल श्रृजना गरिदिएको छ । समुदायको आवश्यकता समाचारमूलक कार्यक्रम हो । तर यो रोकिएको छ । स्वतन्त्र प्रसारण स्टेसनको औचित्य र त्यसको प्रभावकारिताका सन्दर्भमा प्रतिक्रियाहरू आउन थालेका छन् ।

**मोहन चापागाईं :** केवल साङ्गीतिक कार्यक्रमहरू मात्र बजेको अवस्थामा सङ्गीत मात्रै मन पराउने केही श्रोताहरू बाहेक ठूलो समूहका श्रोताहरूको रेडियो सुन्ने बानीमै पूर्णबिराम लाग्यो । त्यसैको उपजस्वरूप कतिपय मान्छेहरूले हामीलाई तपाईंहरू रेडियोको प्रसारण फेरि कहिलेदेखि सुरु गर्नुहुन्छ भनेर प्रश्न सोध्ने अवस्था पनि सृजना भयो ।

तर बिस्तारै करीब तीनहप्ता जस्तो पछि हामीले स्थानीय गतिबिधिमा आधारित समाचारजन्य सामग्रीहरू प्रसारण गर्न थाल्यौं । एकदमै कम मान्छेले मात्रै रेडियो सुनेको अवस्थामा प्रतिक्रियाहरू तुलनात्मक रूपमा नकारात्मक नै आए र यस्ता प्रतिक्रियाहरूमा बढीजसो समाचारमूलक कार्यक्रमहरू नै दिनुपर्‍यो भन्ने खालका रहेका थिए ।

**३. यहाँको विचारमा अप्ठ्यारो अवस्थामा सामुदायिक रेडियोको भूमिका कस्तो हुन सक्दछ ? वा छ ?**

**दधिराम सुवेदी :** सङ्कटकालीन अवस्थामा सङ्कटका हिसावले सामुदायिक र व्यापारिक रेडियोहरूको अवस्था करीव करीव एकै हो । व्यापारिक रेडियोले व्यापार गर्न पाएनन् भने सामुदायिक रेडियोहरूले एउटा स्वतन्त्र सामुदायिक सञ्चारमाध्यका रूपमा समुदायको सेवा गर्न पाएनन् । तर सामुदायिक रेडियोहरूले ग्रामीण भेगमा गएर ग्रामीण जनताका समस्याहरू लिएर प्रसारण गर्दा स्थानीय प्रशासन सहयोगी भएको पाइयो । सामुदायिक रेडियोसँग जनअपेक्षा तुलनात्मक रूपमा वढी हुने हुँदा सन्देशमूलक कार्यक्रमको संख्या थपेर केही हदसम्म भए पनि श्रोताको सूचनाको भोक मेट्ने तर्फ सोच बनाउनुपर्छ ।

**मीनबहादुर शाही :** सामुदायिक रेडियोले सकारात्मक दृष्टिकोणका आधारमा समुदायलाई विभिन्न खालका सूचनाहरू प्रदान गरेर सशक्त पार्दै लैजानुपर्छ । विकास निर्माण र समुदायको सकृयतामा भएका पहलहरूलाई उजिल्याउँदै उनीहरूलाई अझ बढी वर्तमान अवस्थाप्रति उत्तरदायी बनाउदै लैजानुपर्छ । प्रजातन्त्र, स्वतन्त्रता मानवअधिकार र शान्तिको पक्षमा समेत सामुदायिक रेडियोले वहसको सुरुवात गर्नुपर्छ जो वर्तमानका लागि निकै ठूलो र सकारात्मक भूमिका हुनसक्छ ।

मोहन चापागाईं : अप्ठेरो अवस्थामा नै आफ्नो पहिचान बनाउन सकिन्छ । माघ १९ पछि जारी सङ्कटकाल र कडा आदेशका बाबजुद हामीले स्थानीय विषय र आवश्यकतामा आधारित कार्यक्रमहरू बजाउने जुन प्रयास गर्‍यौं त्यसलाई स्थानीयबासी, समुदाय र सचेत नागरिकहरूले खुलेर प्रशंशा गरेका छन् ।

कानूनी अड्चन भएता पनि सामुदायिक रेडियोले समुदायको हितमा काम गर्न पछि हट्नु हुँदैन र हामी पछि हटेका पनि छैनौं भन्ने लाग्दछ । सूचनाका विश्वसनीय माध्यमको अभावका बेला सही सूचना दिनु सामुदायिक रेडियोको दायित्व नै हो ।

४. सङ्कटकालपछि आर्थिक पक्षमा के असर पर्‍यो ?

दधिराम सुवेदी : सङ्कटकालीन अवस्थामा स्थानीय नगरपालिका र गैरसरकारी क्षेत्रको साझेदारीमा सञ्चालित कार्यक्रम बन्द भएका कारण आर्थिक अवस्थामा ठूलो क्षति भयो । त्यस्तै समाचारमूलक कार्यक्रम प्रसारण नहुँदा स्रोता संख्या घटेको कारण देखाई विज्ञापनदाताले विज्ञापन दिन छोडे । यसले गर्दा मासिक रूपमा ५० देखि ६५ प्रतिशतसम्म आम्दानी घटेको छ । यही कारणले मासिकरूपमा भुक्तान गर्नुपर्ने तलव, विद्युत, टेलिफोन, क्यासेट, सीडीका खर्चहरू समेत धान्न कठिनाइ परिरहेको छ । त्यसमाथि सरकारलाई वार्षिक रूपमा तिर्नुपर्ने इजाजत नविकरण दस्तुर, रोयल्टी दस्तुर, कुन स्रोतबाट ल्याई आगामी असार महिनाभित्र पूरा गर्नुपर्ने हो, त्यो अझै थाहा भएको छैन । समाचारमूलक कार्यक्रमहरू नहुँदा समाचार क्षेत्रमा काम गर्ने करीव ७ जनालाई बिदा गरिएको छ ।

मीनबहादुर शाही : समाचार प्रसारणमा लागेको प्रतिबन्ध र निरन्तर ढङ्गले निगरानीमा राखिएको कारण कार्यक्रमहरू निर्वाध ढङ्गले स्वतन्त्रपूर्वक सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको छ । तर हाल रेडियो कर्णालीबाट समाचार (राजनीतिक) वाहेक अरू कार्यक्रमहरू प्रसारण भइरहेका छन । मुलुकभरि लागेको सङ्कटकालका कारण स्टेसनमा आर्थिक सङ्कट उत्पन्न भएको छ ।

मोहन चापागाईं : हाम्रो आर्थिक अवस्थामा सङ्कटकालले व्यापक प्रभाव पार्‍यो । आर्थिक हिसावले बनाइएका योजनामा हामी ७५ प्रतिशत जस्तो असफल भएका छौं । संस्थामा लामो समयदेखि कार्यरत रेडियोकर्मीहरूको पारिश्रमिक पुनरसंयोजन (बृद्धि) गर्ने हाम्रो योजना कार्यान्वयन हुन नसक्ने मात्र होइन घण्टे समाचारमा कार्यरत सबै सञ्चारकर्मीहरूको पारिश्रमिक उपलब्ध गराउन नसकेपछि केही साथीहरूलाई विदा गर्न पनि हामी बाध्य भयौं ।

सङ्कटकालकै कारण निर्माणाधीन भवनको कार्य अगाडि बढाउन कठिनाइ परेको छ भने माघ १९ अगाडिको जस्तै गरी रेडियो सञ्चालन गरिरहन पनि मुश्किल देखिएको छ ।

५. आफ्नो कार्यक्रम तथा आर्थिक पक्षबारे कस्ता किसिमका भावी रणनीति तथा योजनाहरु तय गर्नुभएको छ ?

दधिराम सुवेदी : क) कार्यक्रमहरू बढी सामाजिक क्षेत्रलाई लक्षित गरी तयार पार्ने, हुनसक्ने जति जनशक्ति कम गर्ने, अन्य कुनै दाताहरूसँग यस बर्षका सरकारी दस्तुरहरू तिर्न सहयोग गरिदिन अनुरोध गर्ने । त्यो उपाय पनि नभए बैंकबाट ऋण लिने । त्यो पनि नभए रेडियो बन्द गरेर बस्ने । ख) कार्यक्रमहरूका उत्पादन लागत कम गरी कम खर्चिलो र सांगीतिक कार्यक्रम दिदै जाने ।

मीनबहादुर शाही : जुम्ला त्यसै पनि सानो बजार भएको क्षेत्र हो । त्यसैले यसको दिगोपनका बारेमा हामी निक्कै चिन्तित छौं । खास गरी हाम्रो स्टेसनबाट ज्ञानमूलक, सिपमूलक र मनोरञ्जनात्मक कार्यक्रमहरूमा जोड दिँदै आएका छौं र भविष्यमा पनि त्यसैमा हाम्रो ध्यान केन्द्रित हुने कार्यक्रम छ । स्टेसनको दिगोपनका लागि पाँच वर्षे सामाजिक कार्य योजनाको खाका तयार पारेका छौं तर अहिले हामीले त्यसलाई कार्यान्वयनमा ल्याउन सकेका छैनौं । भविष्यमा कार्यान्वयमा ल्याउन सकिने आशा राखेका छौं ।

मोहन चापागाईं : रेडियोको स्थायित्वलाई केन्द्र भागमा राखेर हामी अगाडि बढिरहेका छौं । थप आम्दानीका स्रोतहरू खोज्ने, परिचालन गर्ने र त्यति गर्दा पनि व्ययभार थेग्न सक्ने अवस्था सृजना नभएमा दैनिक १७ घण्टाको प्रसारण समय घटाएर दिउँसोको समय रेडियो स्टेसन बन्द गरी बिहान बेलुका मात्र प्रसारणमा जानुपर्ने बाध्यात्मक परिस्थिति हुनसक्छ भन्ने हामीलाई लागेको छ ।



• मोहन चापागाई

समाचार प्रसारणमा लागेको प्रतिबन्ध र निरन्तर ढंगले निगरानीमा राखिएको कारण कार्यक्रमहरु निर्वाध ढंङ्गले स्वतन्त्रपूर्वक सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको छ ।

मोहन चापागाई

... पृष्ठ १ बाट, भारतदत्त कोइरालाको सन्देश

नेपालमा पनि विगत केही समयदेखि यस्ता रेडियोहरूले समुदायको सेवा गरिहरेका छन् । यिनले समुदायको एउटा अभिन्न अङ्गको रूपमा आफूलाई स्थापित समेत गरिसकेका छन् । खुशीको कुरा के छ भने सबै सामुदायिक रेडियो राम्रोसँग चलेका छन् । समुदायको मन जित्न समेत सफल भएका छन् । तर हामीले सम्फनुपर्ने कुरा के हो भने जति सामुदायिक रेडियो छन्, ती पर्याप्त छैनन् । गरीवी, निरक्षरता, विकट भौगोलिक अवस्था भएको मुलुकमा सबैभन्दा सशक्त सञ्चारमाध्यम नै रेडियो हो र यसको विकास-विस्तार निरन्तर भइरहनुपर्दछ ।

हामीले यही सन्दर्भमा यो पत्रिकाको प्रकाशन सुरु गरेका छौं । यसले सबै सामुदायिक रेडियो स्टेसनहरूका समस्या, उपलब्धि, अनुभव र नयाँ गतिविधिहरूलाई प्रस्तुत गर्न सकेमा नेपालको सामुदायिक रेडियो आन्दोलनलाई नै सहयोग पुग्नेछ । यो प्रक्रियामा बढीभन्दा बढी सामुदायिक रेडियोहरू सहभागी भइदिनेछन् भन्ने आशा गरेको छु । यो पत्रिका एशिया-प्रशान्त क्षेत्रकै विभिन्न मुलुकहरूमा सामुदायिक रेडियोहरूका फाँटमा भइरहेका गतिविधिहरूलाई राम्ररी प्रतिबिम्बित गर्ने उपयुक्त माध्यम बन्ने विश्वास लिएको छु । एकअर्काका अनुभव आदानप्रदान गर्दै सबैजसो देशहरूले सामुदायिक रेडियोबाट फाइदा लिने काममा यसले सहयोग पुऱ्याउनुपर्छ भन्ने पनि म ठान्दछु ।

हाल नेपालको राजनीतिक र सुरक्षासम्बन्धी असहज स्थितिमा सामुदायिक रेडियोहरूले अरू सञ्चारमाध्यमहरूले जस्तै कष्ट भोग्नुपरिरहेको छ । आशा छ, यो क्षणिक अवस्था मात्रै हो । चाँडै नै सामुदायिक रेडियोहरूले शिक्षा, सूचना र समाचारमूलक कार्यक्रम सुचारू रूपले सञ्चालन गर्न पाउनेछन् । महाद्विपीय परिप्रेक्ष्यमा हेर्दा नेपालले रेडियो प्रसारणका क्षेत्रमा एशियाका अरू राष्ट्रहरूलाई नेतृत्व प्रदान गर्दै बाटो देखाउनुपर्ने भएकाले हाम्रो दायित्व निश्चय नै बढी छ । यो दायित्व निर्वाह गर्न हामी सक्षम हुनेछौं भन्ने आशा गरौं ।

हाम्रो आम्दानीको मुख्य स्रोत साफेदारी कार्यक्रम रहेकाले साफेदार तथा सहयोगी निकायहरूलाई थप सहयोग पुऱ्याउन विशेष आग्रह गर्ने पनि हाम्रो योजना छ ।

६. सङ्कटकालको अन्त्य भैसकेको छ । कस्तो महसुस गरिराख्नु भएको छ ?

**दधिराम सुवेदी :** सङ्कटकालको अन्त्यपछि पनि कुनै नयाँ खुशी र उमङ्ग प्राप्त भएको छैन । खासगरी मानसिक दवावका कारण खुलेर कुनै पनि कार्यक्रम तयार पार्न सकिएको छैन । सङ्कटकालको अन्त्यपछि हामीले दिन सुरु गरेको समाचारमूलक कार्यक्रम *खोजखबर* पनि बैशाख २७ गतेको स्थानीय प्रशासनको आदेशपछि बन्द गरिएको छ । विद्रोहीहरूको दवाव पनि आउने गरेको छ । समग्रमा भन्ने हो भने २४ घण्टामा निदाएको समयलाई छोडेर रेडियोकै चिन्ता गर्नुपरेको छ ।

**मीनबहादुर शाही :** सङ्कटकालको अन्त्य भए पनि रेडियोको सङ्कटको अन्त्य भएको छैन ।

**मोहन चापागाईं :** कानूनी रूपमा सङ्कटकाल हटे पनि हामीले समाचार प्रसारण गर्न स्वीकृति पाएका छैनौं । रूपको हिसावले भन्दा सङ्कटकाल हटेको भएता पनि गुणको हिसावले हटेको जस्तो रेडियो स्टेसनले महसुस गर्न पाएको छैन ।




सामुदायिक रेडियो इसिआर एफएम १०४.२ मेगाहर्जले वैशाख २७ गते औपचारिक कार्यक्रमका साथ आफ्नो महिला शाखाको स्थापना गरेको छ । राष्ट्रिय सभाका कार्यवाहक अध्यक्ष रामप्रीत पासवान प्रमुख अतिथि रहनुभएको सो कार्यक्रममा महिला शाखाकी प्रमुख प्रमिला महर्जन सुरवीरले अध्यक्षता गर्नु भएको थियो ।

ईसिआर एफएम महिला शाखा खोल्ने नेपालमै पहिलो रेडियो बनेको छ । यो अमार्क र अमार्क महिला अन्तर्राष्ट्रिय सञ्जालको सदस्य रहिसकेको छ । कार्यक्रममा बोल्दै इसिआरका सञ्चालकहरूले प्रसारणमा महिलाको पहुँच सुनिश्चित गर्न र अमार्क तथा अमार्क महिला सञ्जालसँग मिलेर काम गर्न आफूहरू प्रतिवद्ध रहेको बताए । कार्यक्रममा पत्रकार, मानवअधिकारवादी तथा समुदायका विभिन्न प्रतिनिधिहरूको संलग्नता थियो । कार्यक्रमको उद्घाटन राष्ट्रिय सभाका कार्यवाहक अध्यक्ष रामप्रीत पासवानले पानसमा बत्ती बालेर गर्नुभएको थियो ।



# मेरा विहानीहरू सुनसान भएका छन्

• याकब थोरसन

माघको मध्यभन्दा पहिले म एफएम रेडियोबाट प्रसार हुने बिहानी समाचारसँगै उठ्ने गर्थे । मेरा छिमेकीहरू पनि रेडियोबाट प्रसारण हुने नेपालभित्र र बाहिरका समाचार सुन्दै नेपाली चियाको आनन्द लिन्थे । आजकल समाचारका माध्यम स्थानीय रेडियोहरू मनोरञ्जनमा मात्र सीमित भएका छन् । फलस्वरूप मेरा बिहानीहरू पनि सुनसान भएका छन् । मनोरञ्जनात्मक कार्यक्रमहरू त्यति नसुनिने हुँदा मेरा छिमेकमा सधैं घन्किरहने एफएम रेडियोहरू बन्दप्रायः छन् । लाग्छ, समाचार प्रसार हुँदाताकाको तुलनामा अहिले स्थानीय रेडियो सुन्ने श्रोताहरूमा एक चौथाइले कमी आएको छ ।

## विकल्पको अभाव

स्थानीय रेडियोहरूका विकल्पका रूपमा सरकारी प्रसारण सेवा रेडियो नेपाल र सर्टवेभ रेडियो रहेका छन् । रेडियो नेपालले स्वतन्त्र समाचार पहिले पनि दिँदैनथ्यो अहिले पनि दिँदैन । त्यसैले समुदायको सूचनाको भोक मार्न यसको स्वाभावबाटै सम्भव छैन । यसअर्थमा यो सामुदायिक रेडियोहरूको विकल्प हुनसक्दैन । शिक्षित, पैसावाल र खासगरी समाचारका भोका सहरवासीहरूलाई सर्ट वेभ रेडियो किन्ने र सुन्ने विकल्प बाँकी छ र यो वर्गले केही हप्तायता सर्टवेभ रेडियो बजाउन पनि थालेको छ । तर ठूलो सङ्ख्यामा रहेका किसान, सवारीचालक, सामान्य व्यापारी, गृहिणीहरू यो विकल्पबाट बञ्चित छन् । टेलिभिजनको पनि सीमा साँघुरो भएको परिप्रेक्ष्यमा पत्रपत्रिका पढ्न नसक्ने नेपालीलाई स्वतन्त्र सूचना पाउने कुनै विकल्प नै बाँकी रहेको छैन । यद्यपि नेपाल अधिराज्यको संविधानले सार्वजनिक सूचना पाउने नागरिकको हकको प्रत्याभूति गरेको छ ।

स्वतन्त्र सूचनाको प्रवाहमा बाधा पर्नासाथै हल्ला फैलाउने एउटा गैरजिम्मेदार वर्गलाई हल्लाको खेती गर्न सहयोग पुग्ने गर्छ । एउटा उट्पट्याङ र अविश्वसनीय हल्ला चाँडै नै फैलिन्छ र सर्वसाधारणलाई त्यसले प्रभाव पनि पार्छ । सर्वसाधारणले यस्तो हल्लाबारे आफैं बुझ्न र थाहा पाउन सूचनाको स्रोतसम्मको पहुँच नहुने कारणले गर्दा सम्भव पनि त छैन । यस्तै परिस्थितिमा सत्यलाई लुकाउँदै झूठा कुराहरू फैलाएर स्वार्थगत ढङ्गबाट समाजमा भ्रमको जालो फिँजाउन खोज्नेहरू सजिलै सफल हुन्छन् । त्यस्ता रचिएका कथाहरूलाई न प्रमाणित नै गर्नुपर्छ, न त वास्तविकताको खोजी गरेर अस्वीकार गर्ने अवस्था नै छ ।

## सामुदायिक रेडियो प्रभावित

समुदायमा हल्ला र वहकाव प्रवाहको अनुगमन गर्ने र सही सूचना प्रवाह गरेर त्यस्ता भ्रमका खेतीलाई फल्न फुल्न नदिने काम सामुदायिक रेडियोको हो । देशमा कुनाकाप्चामा भएका सामाजिक क्रियाकलापलाई जनतासामु ल्याउने वास्तविक माध्यम पनि यिनै हुन् ।

रूपन्देहीको एउटा सानो गाउँ, मणिग्राम पनि सामुदायिक रेडियो प्रसारणको उपयोग गर्ने गाउँ हो। सन् १९९९ मा भगवान् बुद्धको जन्मस्थानको नामबाट खुलेको 'रेडियो लुम्बिनी' ले अरू सामुदायिक रेडियोहरूले जस्तै समुदायमा भएका विभिन्न सामाजिक क्रियाकलापहरूलाई विभिन्न रेडियो कार्यक्रमका माध्यमबाट जनसमक्ष पुऱ्याउन ठूलै सफलता हासिल गरेको थियो । तर अहिले हेर्दा कुनै बेलाको एउटा सक्रिय समाचार विभाग खाली कोठामा परिणत भएको छ, जसरी श्रोताहरूको अभावमा रेडियो व्यापार घटेको छ । अझ दुःखलाग्दो कुरा त के छ भने देशभरि रेडियो पत्रकारहरूलाई स्थानीय रेडियोहरूले विदा गरेजस्तै रेडियो लुम्बिनीले पनि निकट भविष्यमै रेडियो पत्रकार र सञ्चारकर्मीहरूको संख्यामा ठूलै कटौती गर्नुपर्ने संकेत देखापरेका छन् ।

अहिलेको परिप्रेक्ष्यमा रेडियो लुम्बिनीबाट एउटा अर्को मनोरञ्जनात्मक कार्यक्रम छिट्टै प्रसारण हुँदैछ– 'रेडियो नाटक', जसमा मनोरञ्जनात्मक सिर्जनाहरू र सामाजिक प्रसंगहरू नै बुनिनेछन् । त्यसैगरी केही सामाजिक अन्तरक्रियात्मक कार्यक्रमहरू पनि थपिँदैछन् । यस्ता सिर्जनात्मक सुरुवातहरू बाहेक रेडियो लुम्बिनी अहिले 'पर्ख र हेर' को अवस्थाबाट अगाडि बढिरहेको छ । लक्ष्य एउटै हो, समुदायलाई सचेत गर्ने लक्ष्यमा रेडियो लुम्बिनी लागिरहनेछ ।

याकव थोरसन एम.एस. नेपाल नामक डेनिस संस्थाका तर्फबाट रेडियो लुम्बिनीमा स्वयंसेवक हुनुहुन्छ ।

# बझाङ्ली आवाज:
# साइपाल रेडियो

**"...मानवअधिकारका कुरा बुझिहाल सबै**
**पाएका अधिकार हनन् होला कबै..."**

गएको फागुन महिनाको कुरा हो, साइपाल रेडियोको एउटा टोली रेडियोको प्रभाव बुझ्न गाउँ डुल्दै थियो । एउटा गाउँमा त ६ वर्षको बच्चा पो माथिका गीती टुक्रा गाउँदै रहेछ । बच्चाले साइपाल रेडियोबाट बजेको गीत नै गाएको सुनेर साइपाल रेडियोका अध्यक्ष मीनबहादुर सिंह सहितको टोली छक्कै पऱ्यो । माघका पछिल्ला दिनहरूमा साइपाल रेडियोबाट यो गीत दिनमा ३–४ पल्टसम्म बजेको रहेछ ।

गीत सङ्गीतबाट समेत मनोरञ्जनका अतिरिक्त सामाजिक चेतना फैलाउन सकिन्छ भन्ने ठानेर साइपाल रेडियोले एउटा छुट्टै स्टुडियो बनाउने व्यवस्था मिलाउँदैछ । यसरी स्थानीय स्वादमा गीत रेकर्ड गरेर मनोरञ्जनका साथै चेतनामूलक सन्देशसमेत स्थानीय जनतासम्म पुऱ्याउन सकिने कुरा साइपाल रेडियोका अध्यक्ष सिंह बताउनुहुन्छ ।

२०६१ साल असोज १८ गतेदेखि बझाङ र वरपरका बासिन्दाहरूले आफ्नै स्वादमा साइपाल रेडियो सुन्न पाएका छन् । साइपाल रेडियोको प्रसारण केन्द्र भने बझाङ जिल्लाको सदरमुकाम चैनपुरदेखि करीब एक किलोमिटर पूर्व राजकोटमा छ । १००.६ मेगाहर्जमा बज्ने साइपाल रेडियोको प्रसारण क्षमता भने २५० वाट रहेको छ । बझाङ जिल्लाका ४७ गाविस, बाजुराका १९ गाविस, अछामका २८ गाविस, बैतडीका २५ गाविस, डढेल्धुराका १५ गाविस, दार्चुलाका २३ गाविस, डोटीका २० गाविस, हुम्लाका १५ गाविसका साथै मुगु र कालिकोट जिल्लाका समेत केही भागमा साइपाल रेडियो सुन्न सकिन्छ ।

साइपाल रेडियोको नाम चाहिँ नजिकै देखिने सैपाल (बझाङवासी साइपाल भन्छन्) हिमालको प्रतिनिधित्व हुने गरी राखिएको हो ।

साइपाल रेडियोको सञ्चालन भने 'सामाजिक विकास समूह' ले गरिरहेको छ । ग्रामीण समुदायमा सूचना र सञ्चारको पहुँच पुऱ्याउने, भरपर्दो सामुदायिक सूचना प्रसारण गर्ने, ग्रामीण समुदायलाई सचेत, सङ्गठित र क्रियाशील बनाउने, संवाद संस्कृतिको विकास गर्ने, स्थानीय भाषा, कला, संस्कृति, गीतसङ्गीतको प्रचारप्रसार गर्दै संरक्षण गर्ने, स्थानीय जनताका आवश्यकता, समस्या, अनुभव र उपलब्धि एकआपसमा बाँड्ने साइपाल रेडियोका उद्देश्य हुन्।

अहिले साइपाल रेडियो बिहान ६ बजेदेखि ९ बजेसम्म र साँझ ६ बजेदेखि ९:३० बजेसम्म प्रसारण हुने गरेको छ । ५० प्रतिशत चेतनामूलक, १० प्रतिशत सामुदायिक समाचारमूलक, २५ प्रतिशत मनोरञ्जनात्मक र १० प्रतिशत समसामयिक कार्यक्रम । यसरी कार्यक्रमहरूको वर्गीकरण गरिएको छ ।

रेडियोमा प्रसारण हुने कार्यक्रम उत्पादनका लागि स्थानीय समुदायको समेत प्रत्यक्ष संलग्नता रहेको कुरा साइपाल रेडियोका अध्यक्ष मीनबहादुर सिंह बताउनुहुन्छ । महिलासम्बन्धी कार्यक्रम *दिदी, भान्जी*, बाल कार्यक्रम *भाइबहिनी, वन कार्यक्रम* र *पुराना कुरा* कार्यक्रमको उत्पादन समुदायले गर्दै आएको छ । पूर्णकालीन आठ, अल्पकालीन पाँच र दुई जना स्वयम्सेवक गरी १५ जनाले रेडियो प्रसारणको सम्पूर्ण व्यवस्था मिलाएका छन् । कार्यक्रम उत्पादनमा भने १२ जनाको संलग्नता रहेको छ ।

रेडियोलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न सामाजिक विकास समूहले एउटा पाँच सदस्यीय व्यवस्थापन समिति गठन गरेको छ । यो समितिमा दुई महिला र एक दलितको प्रतिनिधित्व रहेको छ । सामाजिक विकास समूहले रेडियोको सञ्चालनमा नेपाल वातावरण पत्रकार समूह र केयर नेपालको समेत सहयोग पाएको छ ।

समुदायकै माझमा सेवा पुऱ्याएर समुदायसँगै बाँच्ने सामुदायिक रेडियोको खर्च पनि स्थानीय स्रोतबाटै जुट्नु उपयुक्त हुन्छ । अध्यक्ष मीनबहादुर सिंह भन्नुहुन्छ, "वास्तवमा स्थानीय स्रोत जुटाएर नै रेडियोलाई दिगो बनाउने हाम्रो सोचाइ हो । जिल्लाका सरकारी कार्यालयहरूले जनतासम्म लैजानुपर्ने सन्देशमूलक कार्यक्रमको केही भाग मात्रै रेडियोलाई दिए पनि हाम्रो खर्च मज्जाले चल्न सक्ने रहेछ ।"

साइपाल रेडियोले आफ्नो दिगो भविष्यका लागि भर्खरै दुई रोपनी जग्गा समेत जोडिसकेको छ । सूचना प्रविधिको ज्ञान बाँड्ने योजना पनि साइपाल रेडियोले बनाएको छ ।

# रेडियो अभियानको विरोधी शक्ति

## हिजो पनि थियो, आज पनि छ

• हेमबहादुर विष्ट
प्रबन्ध निर्देशक, मिडिया सर्भिसेज इन्टरन्यासनल

२०४६ को ऐतिहासिक जनआन्दोलनपछि पुनर्स्थापित भएको बहुदलीय सरकारले नेपालको राष्ट्रिय सञ्चार नीति २०४९ अनुसार निजी क्षेत्रलाई रेडियो दिने नीति ल्यायो । राजनीतिक नेतृत्वले निजी क्षेत्रलाई रेडियो दिन सकिन्छ भन्ने मान्यता राखे पनि 'श्री ५ को सरकार' भन्ने संयन्त्र–कर्मचारीतन्त्र निजी क्षेत्रको हातमा रेडियो दिनैहुँदैन भन्ने धारणा राख्दथ्यो । कर्मचारीतन्त्रको नेतृत्वमा बसेकाहरू निजी क्षेत्रलाई गैरजिम्मेदार ठान्थे र रेडियोलाई "भयङ्कर खतरनाक कुरा" को रूपमा चित्रित गर्ने गर्दथे । यिनीहरू निजी क्षेत्रलाई रेडियो दियो भने के बोल्छन् के बोल्छन् भनेर शङ्का गर्थे । निजी क्षेत्रको हातमा रेडियो भयो भने ठूलै अनिष्ट हुन्छ भन्ने तिनको अनुदार मनस्थिति थियो । रेडियो भनेको त चारैतिर सङ्गीनले सजिएका सुरक्षाकर्मीका माझमा बढीभन्दा बढी छेकबारहरूभित्र राखेर सरकारले नै चलाउनुपर्छ भन्ने तिनको मान्यता थियो ।

अहिले पछि फर्केर हेर्दा के लाग्छ भने २०४६ सालमा सानो राजनीतिक परिवर्तन ल्याइएको भए पनि वास्तविक राज्यमा रहेको पुरातन तत्व जनता बलियो भएको हेर्न चाहँदैनथ्यो । यो तत्व रातजनीतिक नेतृत्वलाई पनि आफ्नो इसारामा नचाउन सफल थियो ।

निजी क्षेत्रमा रेडियो लैजाने क्रमको पहिलो मोर्चाको लडाई नेपालको कर्मचारीतन्त्र र त्यसको इसारामा नाच्ने नेताहरूसँग लड्नुपर्‍यो । सिद्धान्ततः कानूनमा रेडियो निजी क्षेत्रलाई दिनहुन्छ भने पनि कर्मचारीतन्त्र र राजनीतिक नेता दुबैथरी मिलेर जनताको हातमा रेडियो नदिने प्रयत्नमा लागे । त्यो आफैंमा नेपालको सन्दर्भमा परीक्षाको लडाई थियो– एउटा स्वतन्त्र समुदाय वा व्यक्तिले रेडियो चलाउन पाउने कि नपाउने ? सक्ने कि नसक्ने ? पहिलोपल्ट ०५४ साल जेठमा रेडियो सगरमाथाको इजाजत पाउनु वास्तवमा लडाईँको पहिलो मोर्चा जिते सरह थियो । सत्तामा बसेकाहरूले निजी क्षेत्रलाई रेडियो त्यसै खुशीले दिएका होइनन् । लडेर, जितेर हामीले हात पारेका हौं ।

यो लडाईको कुरा गर्दा म आजको अवस्थाका लागि ढोका खोल्ने पहिलो स्वतन्त्र प्रसारण संस्था रेडियो सगरमाथाको प्रसारण इजाजत लिएको प्रसङ्ग पनि सम्झनु उपयुक्त ठान्छु । यस सन्दर्भमा नेपालको कर्मचारीतन्त्रको प्रवृत्तिका रूपमा भोजराज पोखरेल नेपालको स्वतन्त्र रेडियो अभियानमा वास्तवमै कालो सूचीमा राखिनुपर्ने नाम हो । भोजराज पोखरेल त्यस बेला सञ्चार सचिव थिए । उनले रेडियो सगरमाथाको इजाजत सम्बन्धी फाइल निर्णयका लागि यसरी खडा गरेछन्, त्यसमा उनले उब्जाएका कुरा र दिएको राय हेर्दा कुनै पनि राजनीतिक व्यक्ति–मन्त्रीले निजी रेडियोलाई इजाजत दिने गरी फाइल सदर गर्नसक्ने अवस्थै थिएन ।

कुनै पनि सरकारी निर्णयको प्रक्रियामा सामान्यतः पहिले निवेदन परेपछि त्यसमा तहतह गर्दै टिप्पणी उठाउने र त्यसभन्दा माथिकाले राय लेख्दै फाइल सदर वा बदर गर्नका लागि मन्त्रीलाई अन्तिम राय दिने अधिकारी सचिवकहाँ फाइल

• हेमबहादुर विष्ट



पुग्छ । सचिवको राय प्रशासनिक तहको अन्तिम भएकाले उसले दिएको रायकै आधारमा सामान्यतः मन्त्रीले फाइलमा निर्णय दिन्छ ।

रेडियो सगरमाथाको हकमा यो प्रक्रिया अन्तर्गत फाइल अगाडि बढ्दै जाँदा तल्लो तहबाट कानुनी हिसावले रेडियो प्रसारणको इजाजत दिन मिल्छ भनेर टिप्पणी उठ्यो । तर जति माथि फाइल बढ्दै गयो, उति शङ्का र प्रश्न उठाउन थालियो । जब तत्कालीन सञ्चार सचिव भोजराज पोख्रेलकहाँ फाइल पुग्यो, उनले निजी क्षेत्रलाई रेडियो दिन नमिल्ने खालका थुप्रै आशङ्का र तर्कहरू प्रस्तुत गरे ।

यसको निकै समयपछि फेरि नयाँ प्रक्रिया सुरु गराएर निजी क्षेत्रलाई रेडियो दिने गरी त्यो बेलाका सूचना तथा सञ्चार मन्त्री झलनाथ खनालले राजनीतिक निर्णय लिनुपरेको थियो । त्यो राजनीतिक निर्णय लिनका लागि मन्त्रीले पहिले बनेको फाइलको सारा प्रक्रिया र समग्र फाइल नै फेरेर फेरि सुरुदेखिकै प्रक्रिया चाली, नयाँ फाइल खडा गराएर निजी क्षेत्रलाई रेडियो दिन मिल्छ भन्ने मान्यतालाई स्थापित गराउनुपरेको थियो ।

मलाई अहिले यो प्रसङ्गमा के पनि भन्न मन लाग्छ भने हामी निजी क्षेत्रलाई रेडियो दिलाउने अभियानमा लागेकै बेला त्यतिबेलाका तथाकथित प्रजातान्त्रिक र प्रगतिशील मानिएका नेपाली कांग्रेस र नेकपा (एमाले) का सरकारमा पुगेका व्यक्तिहरू निजी क्षेत्रलाई रेडियो दिनै हुँदैन, रेडियो नेपाल भए पुगिहाल्छ नि भन्ने प्रवृत्तिबाट निर्देशित थिए । रेडियो सगरमाथाको प्रसारण इजाजत पाएका दिन हामीले एउटा मोर्चाको लडाई जित्यौं । तर समग्र युद्ध जित्न भने बाँकी नै थियो । त्यसले गर्दा रेडियोलाई इजाजत नै दिन नचाहनेहरू इजाजत फुत्किसकेपछि कसरी हुन्छ, के भाँजो हालेर हुन्छ, रेडियोलाई स्वतन्त्र र सक्षम ढङ्गले चल्न नदिने अभियानमा लागे ।

म के सम्झन्छु भने आज एफएम रेडियो स्टेसनलाई समाचार प्रसारण गर्न दिनुहुँदैन भन्ने अभिव्यक्ति हिजो निजी क्षेत्रमा रेडियोलाई प्रसारण इजाजत नै दिनुहुँदैन भन्नेहरूको बद्लिँदो बोली मात्रै हो । फरक यत्ति हो, हिजो कुर्सीमा एउटा मान्छे थियो, आज अर्कै नाम र अनुहारको छ । तर समग्रमा जनतालाई बलियो हुन दिनु हुँदैन भन्ने शक्ति र प्रवृत्ति एउटै हो ।

रेडियो आन्दोलनमा लागेको मान्छेका रूपमा यो अभियानलाई सम्झँदा मलाई के दुःख लाग्छ भने आजका प्रजातान्त्रिक नेता यही अनुदार शक्तिको गोटी बनेका थिए र स्वतन्त्र रेडियोलाई प्रसारण इजाजत नदिने निर्णयमा पुगेका थिए । तर तीतो यथार्थ यो हुँदाहुँदै पनि अर्को छुटाउन नहुने सत्य के पनि हो भने निजी क्षेत्रलाई रेडियो प्रसारण गर्ने इजाजत दिने र नेपालमा स्वतन्त्र रेडियो सुरु गराउनेहरू पनि तिनैभित्रकै अर्काथरी शक्ति थिए । अझ यसरी भनौं, रेडियो अभियान अगाडि बढ्नुमा कसैले चाहिँ राजनीतिक प्रतिबद्धताका रूपमा रेडियोलाई इजाजत दिए भने कतिले चाहिँ पैसाको प्रलोभन र दवावमा ।

जुन शक्ति रेडियोलाई प्रसारण इजाजत नै दिनुहुँदैन भनेर लागिपरेको थियो, त्यो शक्तिले चाहिँ हातबाट इजाजत फुत्के पनि जुन उपाय गरेर भए पनि रेडियोलाई कमजोर पार्न हात धोएर अभियान चलायो । यो शक्तिले चलाएका यस्ता अभियानहरूमा आवश्यकता र बजार विचारै नगरी एकै ठाउँमा धेरै रेडियो थोपरिदिने, अन्धाधुन्द राजस्व तिर्नुपर्ने अवस्था सिर्जना गर्ने, ऐन कानूनले दिएकाभन्दा बढी आफ्ना शर्त थोपर्ने र आर्थिक रूपले रेडियो चल्न नसकून् अनि सक्षम नहोऊन् भन्ने अभिप्रायले रेडियोका अर्थोपार्जन गर्ने बाटाहरू थुन्ने आदि रहे । यो अभियानको निहीत स्वार्थ नै नेपालमा रेडियो अभियानलाई भाँजो हाल्नु थियो ।

समग्रमा भन्दा रेडियोलाई खुम्च्याउने शक्ति भनेको हिजो हामीले ०५३/५४ सालमा जुन शक्तिसँग लडेको थियौ अहिले पनि त्यही नै हो भन्ने मलाई लाग्छ । यो शक्ति जनता सुसूचित भएको र सशक्त बनेको हेर्न चाहँदैन । तर यो शक्तिले जति चाहे पनि रेडियो अभियान अब पछि फर्कन सक्ने अवस्था छैन । केही मान्छे अँध्यारोमा हिँड्दा पर उज्यालो देख्छन् भने केही चाहिँ आत्तिन्छन् । सबै रेडियोलाई म के भन्छु भने धैर्य राखौं, पर उज्यालो छ । नआत्तिउँ । अलिकति मात्रै पर्खेर हेर्ने हो भने यो अँध्यारो सधैं रहिरहने र राख्न खोज्नेले राख्नसक्ने कुरै होइन । स्वतन्त्र रेडियोका लागि भोलिको दिन सुनिश्चित छ ।

केही मान्छे अँध्यारोमा हिँड्दा पर उज्यालो देख्छन् भने केही चाहिँ आत्तिन्छन् । सबै रेडियोलाई म के भन्छु भने धैर्य राखौं, पर उज्यालो छ । नआत्तिउँ । अलिकति मात्रै पर्खेर हेर्ने हो भने यो अँध्यारो सधैं रहिरहने र राख्न खोज्नेले राख्नसक्ने कुरै होइन । स्वतन्त्र रेडियोका लागि भोलिको दिन सुनिश्चित छ ।

सामुदायिक रेडियोले आफूले सेवा दिनुपर्ने समुदायलाई मिल्ने गरी विविध प्रकारले समुदायकै सहभागिता गराएर सञ्चारको प्रजातान्त्रीकरण गर्न सघाउँदछ ।

*अमार्क, १९९८*

... पृष्ठ १ बाट

**माघ २५** – एफएम प्रसारण संस्थाबाट समाचार प्रसारणमा रोक लागेपछि रेडियोहरूबाट पत्रकार कटौती सुरु । करीब एक हजार सञ्चारकर्मीहरू बेरोजगार भएको अनुमानित तथ्याङ्क सार्वजनिक ।

**फागुन २** – एफएम सञ्चालकहरूद्वारा देशका सबै एफएमले वार्षिक करीब एक करोड रोयल्टी तिर्ने गरेको कुरा सार्वजनिक ।

**फागुन ५** – नेपाल भ्रमणमा रहेका अन्तर्राष्ट्रिय पत्रकार महासंघका अध्यक्ष क्रिस्टोफर वारेनद्वारा एफएम प्रसारण संस्थाहरूलाई पहिलेजस्तै समाचार प्रसार गर्न दिनुपर्ने माग ।

**फागुन २३** – सूचनामूलक कार्यक्रम प्रसारण गर्न नपाएपछि स्थानीय रेडियो स्टेसनहरूले ठूलो घाटा बेहोर्नु परेको कुरा सार्वजनिक ।

**फागुन ३०** – प्रेसमाथिको पूर्वप्रतिबन्ध, एफएममा समाचार रोक जस्ता कार्यले जनताको सुसूचित हुने अधिकार हनन् भएको विचार नेपाल प्रेस इन्स्टिच्यूटद्वारा आयोजित 'सङ्कटकालमा सञ्चारमाध्यमको भूमिका' विषयक अन्तर्क्रियाका सहभागी वक्ताहरुद्वारा व्यक्त ।

**चैत २** – विभिन्न जिल्लामा कार्यरत पत्रकारहरुद्वारा प्रेस स्वतन्त्रता माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र दर्ता ।

**चैत ३** – सङ्कटकालपछि एफएम रेडियोहरूको आम्दानी घटेको कारण पत्रकारहरूले जागरीबाट हात धुनुपरेको सञ्चारकर्मीहरुद्वारा धारणा व्यक्त ।

**चैत ७** – साफ्माद्वारा नेपाली प्रेस अनिश्चित र अपरिभाषित प्रतिबन्धमा परेको धारणा व्यक्त । प्रेस स्वतन्त्रता पुनर्वहालीका लागि अन्तर्राष्ट्रिय जनमत सिर्जना गर्ने घोषणा ।

**चैत २८** – निजी क्षेत्रका सञ्चार माध्यमलाई विज्ञापन नदिने सरकारी घोषणाको सम्पादक/प्रकाशक र विज्ञापन व्यवसायीद्वारा विरोध । सरकारको यो घोषणाबाट निजी रेडियोमा ३६ देखि ८० प्रतिशतसम्म विज्ञापन घटेको कुरा सार्वजनिक ।

**चैत २९** – सरकारद्वारा सरकारी कार्यालयहरूलाई सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिन निर्देशन । देशको कुल विज्ञापनको २५ प्रतिशत सरकारी विज्ञापनले ओगट्ने गरेको तथ्य सार्वजनिक ।

– सूचना तथा सञ्चार मन्त्री टंक ढकालद्वारा पूर्वी तराईस्थित सहर इटहरीमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै एफएम रेडियोमा गैरराजनीतिक समाचार प्रसारण फुकुवा गर्न लागिएको जानकारी सार्वजनिक ।

... बाँकी पृष्ठ १२ मा

## रेडियोसम्बन्धी केही पुस्तकहरू

- **एफएम रेडियो स्टेसन इजाजत प्रक्रियासम्बन्धी निर्देशिका**
**लेखनः** विष्णु पोखरेल र रमेश अधिकारी, **सम्पादनः** हेमबहादुर विष्ट । **प्रकाशकः** विकास सञ्चार केन्द्र, काठमाडौँ । **प्रथम संस्करणः** १००० प्रति, मोल रू. १०।

- **प्रसारण पत्रकारिता हाते किताबः इलेक्ट्रोनिक माध्यम तथा सूचना प्रविधिसम्बन्धी १६ वटा लेखहरूको सँगालो**
**सम्पादकः** दुर्गानाथ शर्मा । **प्रकाशकः** नेपाल प्रेस इन्स्टिच्युट, काठमाडौँ । **पहिलो संस्करणः** १५०० प्रति, बैशाख, २०५४ । **मोल रू.** १४०।

- **रेडियो वचन**
**लेखकः** रघु मैनाली । **प्रकाशकः** सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह, काठमाडौँ । **पहिलो संस्करणः** १००० प्रति, २०५९ । **मोल रू.** ९९ ।

- **रेडियो शैली पुस्तक**
**तयारी समितिः** अध्यक्षः मुकुन्दप्रसाद आचार्य, सदस्यः ध्रुवकुमार देउजा, मोहनराज शर्मा, कृष्णप्रसाद पराजुली, सुशील कोइराला । **प्रकाशकः** रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) । काठमाडौँ, पहिलो संस्करण २०५५, १००० प्रति ।

- **सामुदायिक रेडियो प्रसारण निर्देशिका**
**लेखकः** रघु मैनाली, ओम खड्का, बद्री पौडयाल, हरिकला अधिकारी । **सम्पदकः** राजेश घिमिरे, **प्रकाशकः** सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह, काठमाडौँ । **पहिलो संस्करणः** १००० प्रति, २०५८ भदौ

- **सामुदायिक रेडियो हाते किताब प्रकाशक : युनेस्को २००१, नेपाली अनुवाद प्रकाशन २००३**
अनुवादक विनय कसजू

- **रेडियो कार्यक्रम**
**लेखकः** बद्री पौडेल । **प्रकाशकः** नेपाल वातावरण पत्रकार समूह, काठमाडौं २०६० मोल रू. ९९ ।

- **नेपालका सामुदायिक रेडियो इत्तिबृतान्त**
**लेखकः** घमराज लुइँटेल, मधु आचार्य । **प्रकाशकः** नेपाल वातावरण पत्रकार समूह, काठमाडौं २०६१

- **नेपालमा सामुदायिक रेडियो**
**लेखकः** पुष्प अधिकारी । **प्रकाशकः** नेपाल वातावरण पत्रकार समूह, काठमाडौं २०५९ । **मोल रू** ७५ ।

... बाँकी पृष्ठ १२ मा

... पृष्ठ ११ बाट

**चैत ३०** – कमिटी टु प्रोटेक्ट जर्नालिज्म (सीपीजे) का कार्यकारी निर्देशक एन. कपुरद्वारा एफएम रेडियोको समाचार प्रसारणमा लागेको प्रतिबन्धबाट ग्रामीण क्षेत्रमा समाचार र सार्वजनिक बहसको महत्वपूर्ण माध्यम समाप्त भएको धारणा सार्वजनिक ।

**२०६२ वैशाख ६** – एफएममा समाचार रोक्नु गैरकानुनी भएको दाबी गर्दै पत्रकार विनोद ढुंगेलद्वारा सर्वोच्च अदालतमा रिट दायर ।

**वैशाख ७** – सर्वोच्च अदालतद्वारा एफएममा समाचार रोक्नुको कारण पेश गर्न सरकारलाई आदेश ।

**वैशाख ८** – मार्टिन चौतारीद्वारा काठमाडौंमा आयोजित अन्तर्क्रिया कार्यक्रममा समाचार बजाउन नपाउँदा एफएम रेडियोले ठूलो आर्थिक घाटा बेहोर्नु परेको रेडियो सञ्चालकहरुद्वारा व्यक्त ।

**वैशाख १४** – इटहरीमा बोल्दै सूचना तथा सञ्चार मन्त्री टंक ढकालद्वारा एफएममा समाचार प्रसारण फुकुवा गर्न सर्वोच्च अदालतको निर्णयलाई सरकारले प्रतिक्षा गरिरहेको धारणा व्यक्त ।

**वैशाख १५** – एफएम रेडियोमा समाचार रोक्नु गैरकानुनी भएको भन्दै दायर गरिएको रिट निवेदनलाई अग्राधिकार दिई पेश गर्न सर्वोच्च अदालतको आदेश ।

**वैशाख २१** – क्षेत्रीय मध्यमाञ्चल प्रशासन कार्यालयको बैशाख १९ गतेको निर्णय भन्दै ललितपुर जिल्ला प्रशासन कार्यालयद्वारा ललितपुरबाट प्रसारण भइरहेका रेडियो सगरमाथा, पर्यावरण चक्र र कान्तिपुर एफएमलाई माघ २०, २०६१ मा राजपत्रमा प्रशाशित सूचना अनुरूप विशुद्ध मनोरन्जन बाहेक अन्य कुनै पनि समाचार, लेख, रचना, विचार आदि कार्यक्रम प्रसार नगर्नु भनी सूचना तथा सञ्चार मन्त्रालयबाट जारी पत्रको पूर्ण पालना गर्न आदेश जारी ।

**जेठ ६** – विद्रोही नेकपा माओवादीको एउटा सशस्त्र समूहद्वारा कैलालीको अत्तरीयाबाट प्रसारण भइरहेको सामुदायिक रेडियो घोडाघोडी एफएममा राती साढे दश बजे जबरजस्ती प्रवेश गरी लुट । यो घटनाको अमार्क एशिया–प्रशान्त कार्यालय, सामुदायिक रेडियो प्रसारक सङ्घ, काठमाडौं उपत्यका एफएम प्रसारक मञ्च र ब्रोडकास्टिङ एशोसिएसन नेपाल द्वारा निन्दा ।

**जेठ ६** – एफएम रेडियोहरूको समाचारमा लगाइएको रोकलाई चुनौती दिँदै अधिवक्ताद्वय माधव कुमार बस्नेत र सुदीप पौडेलद्वारा सर्वोच्च अदालतमा रिट दायर ।

... पृष्ठ ११ बाट

- **समाज परिवर्तनका लागि सामुदायिक रेडियो**
प्रकाशकः सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह, काठमाडौं । **सम्पादनः** घमराज लुइँटेल, राजेश घिमिरे, २०५७ ।

- **सामुदायिक प्रसारण प्रस्तावित कानुन तथा सर्बोच्च अदालतको फैसला**
**लेखकः** रघु मैनाली । **प्रकाशकः** नेपाल वातावरण पत्रकार समूह, काठमाडौं २०५९ । **मोल** रु १०० ।

- **सामुदायिक विकासका लागि सामुदायिक रेडियो : सामुदायिक रेडियो स्थापना र सञ्चालनका लागि सहयोगी पुस्तिका**
**लेखकः** विनयकुमार कसजू । **प्रकाशकः** विकास सञ्चार केन्द्र, काठमाडौं, सन् २०००, पृष्ठ संस्था ६४ । **मोल** रु. ५०।

- **सूचना प्रविधिको शक्ति र नेपालमा यसको उपयोग**
**लेखक :** विनयकुमार कसजू । **प्रकाशक :** ड्रिम्स एण्ड आइडियाज, काठमाडौं, पहिलो संस्करण : सेप्टेम्बर, २००३ (मदौ, २०६०) पृष्ठ २१० । **मोल :** रु. २००।, विद्यार्थी संस्करण रु. १००।

- **श्रोता क्लब, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब राष्ट्रिय समितिको मुखपत्र** । वर्ष ४, अङ्क ४, बैशाख २०६० ।

- **MAKING WAVES Stories of Prticipatory Communication for Social Change : A Report to the Rockfeller Foundation by Alfonso Gumucio Dagron**
Published by Rockfeller Foundation, New York, 2001.

- **RADIO OWNERSHIP AND LISTENING IN NEPAL: A NATIONAL STUDY**
**Report Prepared by:** Natalie Aye Maung, Damodar Ghimire, Research Staff: Gyanu Walker Paudel, Mohan Angbo, Moti Bahadur Karki, Kumar Dhital, Publisher: Audience Research Section, Radio Broadcasting Service (Radio Nepal), First Edition: September 1997. Price Rs. 265. Pages 234

- **SIGHT, SOUND & PULSE**
Editor: P. Kharel, Contributors: P. Kharel, Chetan Karki, Dhruba Kumar Deuja, Neel Kantha Uprety, Rajendra Dev Acharya, Publisher: Nepal Press Institute, Kathmandu, First Edition January 2002, No. of copies 1000. Price Rs..... Pages 148.

*स्रोत : विनयकुमार कसजू*

अमार्क
पो.ब.नं. ३८८७, काठमाडौं, नेपाल
फोन/फ्याक्स ५५५४८११
इमेल : amarcap@wlink.com.np
वेब : http://asiapacific.amarc.org

सम्पादन मण्डल : सुमन बस्नेत र घमराज लुइँटेल
संवाददाता : श्रीधर खनाल
व्यवस्थापन : गोपी चन्द्र पाण्डे
सज्जा : WPS